# नमोबुद्ध नगरपालिका

# दलित सशक्तिकरण ऐन, २०८१

**प्रस्तावना**

दलित समुदायमाथि सदियौँदेखि हुँदै आएका जातीय छुवाछुत, भेदभाव, हिंसा, अपमान, घृणा, वहिष्करण, शोषण तथा असमानताले दलित समुदाय राष्ट्रिय मूलप्रवाहीकरण हुन नसक्दा समतामूलक र समृद्ध समाजको निर्माण हुन नसकेको यथार्थलाई स्वीकार गर्दै मौलिक हक लगाएत् संविधानको विभिन्न भागमा रहेका व्यवस्थालाई अक्षरशः पालना गर्दै दलित समुदायको समायानुकूल विकास, सशक्तिकरण गर्न र छुवाछुतमुक्त नगर बनाउँदै समतामूलक समाज निर्माण एवं समृद्ध नमोबुद्ध निर्माण गर्न वाञ्छनीय देखिएकोले नेपालको संविधान, २०७२ को धारा २४ र ४० को कार्यान्वयनको लागि धारा २२६ मा रहेको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले कानुन बनाउन सक्ने प्रावधान रहेकाले सोही कानुनको अधिनमा रही नियम, निर्देशिका र कार्यविधि मापदण्ड बनाउन सकिने व्यवस्था अनुरुप नमोबुद्ध नगरपालिकाको नगरसभाले दलित सशक्तिकरण तथा जातीय छुवाछुतमुक्त नगर निर्माणका लागि दलित सशक्तिकरण ऐन, २०८१ स्वीकृत गरी प्रमाणिकरण भएको मिति देखि लागु गर्ने गरी यो ऐनको मस्यौदा गरिएको छ ।

**१. संक्षिप्त नाम, प्रारम्भ र विस्तार**

क) यस ऐनको नाम ‘‘दलित सशक्तिकरण ऐन, २०८१” रहेको छ ।

ख) यो ऐन नमोबुद्ध नगरपालिका भित्र प्रमाणिकरण भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

क) ***‘‘ऐन”*** भन्नाले नमोबुद्ध नगरपालिकाले तयार गरेको दलित सशक्तिकरण तथा छुवाछुतमुक्त नगरका लागि बनेको ***‘‘दलित सशक्तिकरण ऐन, २०८१”*** सम्झनुपर्दछ ।

ख) **दलितः** भन्नाले राष्ट्रिय दलित आयोगले सुचिकृत गरेका जातजाती र सूचीकृति नभएकाको हकमा सम्बन्धित स्थानीय तहको सिफारिसमा तत् कार्यालयबाट दलित भनि राष्ट्रिय दलित आयोगले प्रमाणित गरको जातिलाई सम्झनु पर्छ ।

ग) **साँस्कृतिक पहिचानः** भन्नाले दलित समुदायको पेशा तथा सीप, कला र क्षमताको पहिचानलाई सम्झनुपर्दछ ।

घ) ***“समिति”*** भन्नाले दलित हक तथा अधिकार सम्बन्धी कार्य गर्न स्थानीय सरकारले निर्माण गर्ने समितिलाई सम्झनुपर्दछ ।

ङ) ***“सरोकारवाला”*** भन्नाले दलित हक तथा अधिकार सम्बन्धी काममा भूमिका देखिने सरकारी कार्यालय, गैर सरकारी संघसंस्था तथा नागरिक समाज सम्झनुपर्दछ ।

च) **"सहयोगी संस्था"** दलित हक तथा अधिकार सम्बन्धी कार्यविधि अनुरुप  प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउने व्यक्ति, संघसंस्था तथा नागरिक समाज सम्झनु पर्दछ ।

छ)  **"सशक्तिकरण"** भन्नाले नीतिगत रुपमा दलित समुदायका व्यक्तिहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको चौतर्फी विकासका लागि चालिने कदमलाई जनाउँने छ ।

ज) **"नगरपालिका"** भन्नाले नमोबुद्ध नगरपालिकालाई सम्झनुपर्दछ ।

झ) **"जातीय भेदभाव तथा छुवाछुत"** भन्नाले जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर सजाय ऐन, २०६८को दफा ४ बमोजिमको कार्य सम्झनुपर्छ ।

**३. उद्देश्यहरु**

क) दलित समुदायको पहिचान, उत्थान र अधिकारका सवालमा नमोबुद्ध नगरपालिकाको दृष्टिकोण र योजना निदृष्ट गर्ने ।

ख) नगरपालिकाको दृष्टिकोण र योजनामा सरोकारवाला निकाय तथा दलित समुदाय स्वयंको भूमिका किटानी गरी अभ्यासमा ल्याउने ।

ग) दलित समुदायको उत्थान र अधिकारका लागि सम्भावित गतिविधि र योजना बनाई सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्ने ।

घ) दलित समुदायको उत्थान तथा योजनाः नमोबुद्ध नगरपालिकाले दलित समुदायको उत्थान तथा अधिकारका लागि समय सापेक्ष योजना निर्माण गरी स्थानीय सरकार, सरोकारवाला र अधिकारग्राही समुदायको संलग्नतामा कार्यान्वयन गर्ने ।

**४.दलित सशक्तिकरण, तथा जातीय भेदभाव तथा छुवाछुतको अन्त्यका लागि संचालन गरिने क्रियाकलापहरुः**

नमोबुद्ध नगरपालिकाले जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि स्थानीय तहमा योजना बनाई कार्यान्वयनमा ल्याउने छ । यस अभियानलाई स्थानीय सरकार, समुदाय, संघसंस्था नागरिक समाज, सरोकारवालाहरु, अधिकारकर्मीहरुको संलग्नतामा कार्यान्वयन गरिनेछ ।

**क) जातीय भेदभाव तथा छुवाछुत विरुद्ध सचेतीकरण कार्यक्रम**

१. जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन, २०६८ मा व्यवस्था र सावधानीका विषयमा स्थानीय सञ्चार माध्यमबाट सुचना प्रसारण गर्ने छ ।

२.नमोबुद्ध नगरपालिका र मातहतका कार्यालयहरुबाट हुने कार्याक्रमहरुमा जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन सम्बन्धी विषय समावेश गराउने छ ।

३. सरकारी कार्यालय, विद्यालय, सार्वजनिक स्थान, सरकारी र नागरिक संघसंगठन, संस्था, औद्योगिक कम्पनीका कार्यालयमा जातीय व्यवहार तथा छुवाछुतजन्य व्यवहारलाई निरुत्साहित गर्ने खालका सन्देश लेखि सबैले देख्ने ठाउँमा राख्ने छ ।

४. स्थानीय जनप्रतिनिधि, दलित समुदायको पक्षमा क्रियाशील सामाजिक अभियन्ताहरुले आफू सहभागि भएको सार्वजनिक कार्यक्रमहरुमा जातीय विभेदको विषयमा नमोबुद्ध नगरपालिकाले लिएको धारणाको विषयमा संवेदनशील हुनेछ ।

५.जातीय विभेद तथा छुवाछुत विरुद्धमा विद्यालय, कलेज तथा सार्वजनिक निकायहरुमा कार्यक्रमहरु आयोजना गर्नेछ ।

६.टोल विकास संस्था, शिक्षक, पण्डित, धर्मगुरु, सेवा प्रदायक कार्यालयका कर्मचारीहरु, नेपाल प्रहरी लगाएत सबै सरोकारवालाहरुलाई जातीय भेदभाव तथा कानुनी सचेतना सम्बन्धी जानकारी वा अभिमूखीकरण गराउनेछ

**ख. सामाजिक व्यवहार सुधार अभियान**

१.जातीय विभेदलाई प्रोत्साहन गर्ने खालका गतिविधि अन्त्य, दलित समुदायभित्रै पनि सुधारमूलक कार्य गर्ने छ ।

२. दलित समुदायका पेशा, साँस्कृतिक मान्यताहरु सबैका लागि स्वीकार्य हुनगरी सुधार गर्ने छ ।

३. दलित समुदायमा स्वास्थ्य, शिक्षा तथा सरसफाई अभियान सञ्चालन गरी विद्यमान अवस्थामा व्यवहारिक रुपमा सुधार ल्याउने छ ।

४. घरेलु हिंसा, अन्धविश्वास, कुरिती र कुसंस्कार, महिलामाथि हुने हिंसा, बालश्रम, बालहिंसामा कमी ल्याउन समुदाय स्तरका वस्ती वा समुदाय स्तरका योजना निर्माण गरी कार्यान्वयन गर्ने छ ।

५. दलित वस्ती वा समुदायहरुलाई हिंसा रहीत समाजमा रुपान्तरण गर्ने छ ।

**ग. जातीय भेदभाव तथा छुवाछुतरहीत स्थान घोषणा**

१. सरकारी तथा गैरसरकारी कार्यालय, सार्वजनिक स्थान र टोल विकास संस्थाहरुलाई छुवाछुतमुक्त स्थान घोषणा गर्ने छ ।

२. पालिकाभित्र सहभोज, अर्न्तजातीय विवाह जस्ता कार्यलाई प्रोत्साहन तथा सम्मान गर्ने छ ।

३. नमोबुद्ध नगरपालिकालाई छुवाछुतमुक्त नगर घोषणा गर्नका लागि सुचक तयार गरी लागु गर्ने छ ।

४. नमोबुद्ध नगरपालिकालाई छुवाछुतमुक्त नगर घोषणा गर्नका लागि टोल, वडा हुँदै अन्त्यमा पालिका घोषणा हुनेछ ।

५.यसरी घोषणा भएका टोलमा स्थानीय सरकार, वडा सरकारले सकरात्मक विभेदको मर्म अनुरुप विशेष प्राथमिकतामा राखी सरकारी सेवा सुविधाको सहुलियत दिने छ ।

## घ) आयमूलक काम तथा जिवीकोपार्जनमा सुधार

नमोबुद्ध नगरपालिकाले दलित समुदायको उत्थान र अधिकारका सवालमा सहयोगी हुनेगरी आयमूलक काम तथा जिविकोपार्जन सुधारका योजना बनाई कार्यान्वयन गर्नेछ । जस अर्न्तगत निम्न कार्यहरु गरिने छन् ।

१. परम्परागत सीप परीक्षण योग्यता निर्धारण : दलित समुदायका व्यक्तिहरुमा पुर्ख्यौली रुपमै प्राविधिक क्षमता भएको तर त्यसको परीक्षण र प्रमाणपत्र नहुँदा उनीहरुको पेशा र जिवीका जोखिममा पर्ने खतरा भएकोले सिटीईभिटी तथा साना वा घरेलु उद्योग कार्यालयको सहकार्यमा दलित समुदायको परम्परागत सीप (घर बनाउने, काठको सामग्री बनाउने, कृषि औजार बनाउने, छालाका सामग्री बनाउने, गरगहना बनाउने, बाजा बजाउने, कपडा बनाउने, सिलाउने लगाएत् अन्य सीपका लागि) कामको परीक्षण गरी प्रमाणपत्र उपलब्ध गराउने छ ।

२. सीपको आधुनिकीकरणः अधिकांश दलित परिवारमा परम्परागत सीप नै जिविकोपार्जनको आधार भएको र त्यसलाई आधुनिक रुपमा विकास गरी थप उत्पादनशील वा मुल्यवान बनाउन आवश्यक भएकाले सम्भावित उद्यम र रोजगारीको अवसर पहिचान गरी प्राथमिकता क्रममा सीप विकास तालिम संचालन र  उन्नतीका लागि पुँजि र बजारीकरण सहज पहुच बढाउन सहयोग गर्ने छ ।

३. ऊर्जा र प्रविधिमा सहयोग : कृषि र भौतिक निर्माणसँग सम्बन्धित सीपको माग बढ्दो क्रममा रहेको र विद्यमान सीप तथा शैलीबाट अबको माग पुरा गर्न, पेशा व्यवसाय गर्न र पेशावान व्यक्तिको जिवीको धान्न कठिन हुँदै गएकाले पेशालाई आधुनिक प्रविधिमैत्री बनाउन आधुनिक मेसिन खरिद, विद्युत उर्जा जडान, उद्यमस्थल निर्माण जस्ता कार्यमा सहयोग पुर्‍याउने छ ।

४. उद्यमका लागि सहजीकरण : दलित समुदायमा भएका सीप र कलालाई वैधानिक प्रक्रिया मार्फत् व्यवस्थापन गर्न उनीहरुलाई परम्परागत सीप र कलामा आधारित उद्यम (कृषिऔजार निर्माण उद्योग, सिलाई उद्योग, काष्ठ उद्योग, भवन निर्माण फर्म, साँस्कृतिक समुह) दर्ता र सो व्यवसायकरणमा सहयोग गर्ने छ ।

## ङ) माथि उल्लेखित व्यवसायमा सहुलियतका लागि नगरपालिकाले निम्न व्यवस्था गर्ने छ ।

१.सीप सिक्न, उद्यम संचालन गर्न र प्राविधिक सहयोग उपलब्ध गराउनका लागि सूचना प्रकाशित गरी निवेदन आव्हान गर्ने छ ।

२. प्राप्त निवेदनको आधारमा उपयुक्त व्यक्ति वा समुह छनौट गरी उद्यम योजनाको आधारमा सहयोगको सीमा निर्धारण गर्नेछ ।

३. तालिम, उर्जा, प्राविधिक सहयोग तथा उद्यम दर्ताको लागि नमोबुद्ध नगरपालिकाले छुट्टाछुट्टै फारम उपलब्ध गराउने छ ।

४.निवेदन छनोटको लागि नमोबुद्ध नगरपालिकाले सम्बन्धित विषयका अनुभवी र विषेशज्ञ व्यक्तिहरुको सहभागितामा छनोट समिति निर्माण गर्नेछ ।

**च) समतामूलक नीति अवलम्बन :** नमोबुद्ध नगरपालिकाले दलितहरुको सामाजिक आर्थिक अवस्थामा सुधार ल्याउन समतामा आधारित योजना संचालन गर्नेछ। जसका लागि निम्न प्रक्रृया अबलम्बन गरिने छ।

१.निर्णायक तहमा अर्थपूर्ण सहभागिता : नमोबुद्ध नगरपालिका अर्न्तगत हुने विकास वा सेवासँग सम्बन्धित समिति, उपसमितिहरुमा दलितको अर्थपूर्ण सहभागिता गराईने छ । दलित अधिकारका सवालमा बन्ने समिति, उपसमिति वा समुहहरुमा दलितहरुको नेतृत्व रहनेछ।

२.अवसरमा प्राथमिकताः नमोबुद्ध नगरपालिका अर्न्तगत् हुने आयमूलक काम, स्वरोजगारमूलक काम वा रोजगारीका अवसरमा दलित समुदायका व्यक्तिहरुलाई प्राथमिकता दिईने छ । नगरपालिका र नगरपालिकाभित्रका जुनसुकै निकायमा कर्मचारी माग गर्दा दलित आरक्षण कोटाको सुनिश्चितता गरिनेछ।

३.सहुलियतपूर्ण मापदण्ड निर्माणः आयमूलक, स्वरोजगारमूलक, सीपमूलक कार्यका लागि व्यक्ति छनौट प्रकृयामा दलित समुदायलाई प्राथमिकतामा राखी कार्य गरिनेछ।

छ) आवास र उत्पादनका स्रोतमा पहुँचःनमोबुद्ध नगरपालिकाले सबै नागरिकहरुको सुरक्षित आवास र जिविकोपार्जनको विषयलाई आधारभूत अधिकारको रुपमा लिई व्यवस्थापन गर्ने छ । दलितहरुको अवस्था झनै दयनीय भएकोले यसलाई निम्न प्रकृया अवलम्बन गरी प्राथमिकताका साथ कार्यान्वयन गरिने छ।

ज) शिक्षामा प्रोत्साहनः शिक्षामा कम पहुँच भएका दलित समुदायका छात्राछात्रका लागि शिक्षा आर्जनको अवसर सिर्जना गर्ने छ। यसका लागि निम्न प्रकृया अवलम्बन गरिने छ।

१.दलित समुदायलाई उच्च शिक्षा तहसम्म पहुँच वृद्धि गरिनेछ

२.उत्कृष्ट तथा न्यून आर्थिक अवस्था भएका विद्यार्थीहरुलाई उच्च शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

३.अति विपन्न दलित विद्यार्थीहरुलाई प्राविधिक शिक्षामा पहुँच वृद्धि गरिनेछ

४.सामुदायिक साक्षरता अभियान संचालन गरी प्रौढहरुलाई सारक्षर गरिनेछ

५.लोकसेवा तयारी कक्षाका लागि पालिकाभित्र संचालित सरकारी वा गैरसरकारी शिक्षण संस्थाहरुले लिईने शुल्कमा दलित समुदायका विद्यार्थीहरुलाई सहुलियत दिनका लागि पहल गर्ने। यस कार्यलाई व्यवस्थित र नतिजामूलक बनाउन तथा छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्न नमोबुद्ध नगरपालिकाले निम्न मापदण्ड अपनाउने छ।

क) विद्यार्थी र अभिभावकको अवस्था बुझ्न भर्ना अभियानमा जनप्रतिनिधिहरु परिचालन तथा अनुगमन गरिनेछ ।

ख) संस्थागत विद्यालयमा विपन्न दलित छात्रवृत्ति प्रदानका लागि पहल गरिनेछ

ग) आवधिक रुपमा विद्यालयबाट उत्कृष्ट विद्यार्थीहरुको शैक्षिक प्रगति र अनुशासनको अनुगमन गरिनेछ

घ) परीक्षामा विद्यार्थीले ल्याउने अंक र  विद्यालयको विद्यार्थी मुल्यांकनको दस्तावेजीकरण गरिनेछ

ङ) विद्यालयमा हुने जातीय विभेदलाई शुन्य सहनसीलता अपनाउने छ ।

५.ऐन कार्यान्वयन समिति : नमोबुद्ध नगरपालिकामा यस ऐन कार्यान्वयनका लागि देहायको कार्यान्वयन समिति रहने छ ।

१) नगरप्रमुख  संयोजक वा नगरप्रमुखले तोकेको नगरकार्यपालिकामा दलित समुदायबाट प्रतिनिधित्व गरेको सदस्य पदमा आसिन रहेको व्यक्ति  -  कार्यकारी अधिकार सहितको सह-संयोजक

२. दलित महिला सदस्यहरुमध्येबाट नगरप्रमुखले मनोनित गरेको २ जना  सदस्य

३.दलित अधिकारको क्षेत्रमा काम गरेको व्यक्ति कम्तिमा १ जना महिला सहित ३ जना  सदस्य

४.दलित समुदायभित्रका अपांगता भएका व्यक्ति र जेष्ठ नागरिक १/१ जना  सदस्य

५. महिला बालबालिका तथा सामाजिक विकास शाखा प्रमुख  सदस्य सचिव

**६.कार्यान्व्यिन समितिको काम, कर्तव्य र अधिकार** : दलित समुदायको उत्थान तथा अधिकार सम्बन्धी ऐन कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

१.यस ऐन अनुसार नगरपालिकामा दलित समन्वय शाखा विस्तार गरी योजना र बजेट निर्माण गरी कार्यान्वयन गर्ने, गरिब दलितको आयआर्जनको लागि विनियोजित रकम वडाबाट नै सञ्चालन गर्ने, सूचना प्रवाहमा दलित समुदायको पहुँच वृद्धि गर्ने, जातीय छुवाछुत विरुद्धको कानुनी प्रावधानहरु बारे दलित समुदायमा सशक्तिकरण, अभिमूखीकरण कार्यक्रमहरु संचालन गर्ने ।

२. ऐन कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

३.समितिले नीति निर्देशन अनुसार योजना बनाई कार्यान्वयन गर्ने,

४.दलित समुदायको उत्थान तथा अधिकारको योजना बनाई सहयोग जुटाउने,

५.यस ऐन अनुसार भएगरेका कामको आवधिक प्रतिवेदन बनाई समितिमा पेश गर्ने,

६.स्थानीय संघ संस्था,सहयोगी व्यक्तिसँग सहकार्य गर्दै अभियानलाई प्रभावकारी बनाउने

७.नगर अर्न्तगत्का सरकारी निकायको योजना तथा बजेट समावेसी समानुपातिक बनाउन सहजीकरण गर्नै

**७. बाधा अड्काउ तथा फुकाउने अधिकार :** यो ऐन कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउ कार्यपालिकाले गर्न सक्ने छ ।

**८.बचाऊ तथा खारेजी :**

१.यस ऐनमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

२.यो ऐन प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म लागुहुने छैन ।